म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १७३ २०८१ जेठ १ गते मंगलबार 14 May 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता,
गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

बागमती प्रदेशसभा बैठक

प्रतिष्ठान चलाएर सम्पत्ति कुम्ल्याउने काम भयो: प्रतिपक्ष दल

समाज संवाददाता

हेटौंडा: नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामाले बागमती प्रदेशमा प्रतिष्ठान गठन गरेर सरकारको सम्पत्ति लिने काम भएको आरोप लगाउनुभएको छ । सोमबार बागमती प्रदेशसभाको चौधौं अधिवेशनको पहिलो बैठकमा बोल्दै उहाँले प्रदेश सरकारले हेटौंडा अस्पताल मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण गर्नु आपत्तिजनक भएको बताउनुभयो ।

हेटौंडा अस्पतालको सम्पत्ति अमुक पार्टीको नाममा प्रतिष्ठान चलाएर कुम्ल्याउने काम भएको आरोप लगाउनुभएको हो । प्रदेश सरकारले मन्त्रिपरिषद्बाट नै निर्णय गरेर सरकारी सम्पत्ति पार्टीको नाममा स्थापित प्रतिष्ठानलाई दिने कार्य आफूलाई सैह्य नहुने लामाले बताउनुभएको हो । प्रतिष्ठानका कर्मचारीलाई सरकारी बनाउन नहुने बताउँदै मुख्यमन्त्रीले एउटा प्रभाव बनाएर अर्को काम गर्न लागेको प्रति उहाँले आपत्ति जनाउनुभयो । अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने बताउँदै सरकारले विभेदकारी भूमिका सरकारले गर्न नहुने धारणा लामाले राख्नुभयो ।

आफूहरूले स्वास्थ्य क्षेत्रमा डाक्टर बनाउन अवरोध नगरेको बताउँदै एक अमुक पार्टीको नाममा प्रतिष्ठान चलाएर राज्यकोषको ६० करोडभन्दा बढी रकम दिन सरकार लागेकोमा लामाले असन्तुष्ट जनाउनुभएको हो । प्रदेश सरकारसँग एक अर्ब ६० करोडमात्र रकम स्वास्थ्य क्षेत्रमा हुँदा एउटै प्रतिष्ठानलाई दिएमा अन्य अस्पतालमा दिने रकम नहुने उहाँको भनाइ छ । वर्तमान सरकारले अमुक व्यक्ति र अमुक पार्टीको लागि यस्तो निर्णय गर्न नहुने बताउँदै मिलोमतो, प्रभाव र दबाबमा सरकार टिकाउनमात्र लागिपरेको लामाको आरोप छ ।

सरकारले यस्तो कार्य बन्द नगरे पार्टीले आन्दोलन गर्ने भन्दै सरकारको सम्पत्ति प्रतिष्ठानको नाममा लैजान नमिल्ने उहाँले दाबी गर्नुभयो । राजधानीको अस्पताललाई प्रतिष्ठानमा गाभ्न नहुने बताउँदै कांग्रेस संसदीय दलका नेता लामाले भन्नुभयो 'उक्त निर्णय तत्काल संशोधन गर्नुपर्छ । सरकारले निर्णय फिर्ता नलिए सदन चल्न हामी दिँदैनौं । प्रतिष्ठान कर्मचारी भर्ती केन्द्र भएकाले प्रतिष्ठानलाई सरकारी अस्पताल दिने हो भने अरू पनि प्रतिष्ठान खडा हुन्छन् ।' एउटा पार्टी सरकारमा हुँदा एक निर्णय गर्ने तर अर्कोसँग सरकार निर्माण गर्दा अर्को निर्णय गरेकाले सरकारले विभेदकारी भूमिका गर्न नहुने उहाँको धारणा छ । सरकारले यस निर्णय फिर्ता नलिए सदन चल्न नदिने उहाँले चेतावनी दिनुभयो ।

वर्तमान समयमा प्रदेश सरकारको अर्थ मन्त्रालयले काम गर्न नसकेको लामाले दाबी गर्नुभयो । मन्त्रालयले विभिन्न बहाना देखाएर काम गर्न नसकेको बताउँदै विगतमा भएको बजेट विवादको विषय आफू सरकारमा रहेर पनि पूरा गर्न नसकेको लामाको भनाइ छ । प्रदेश सरकारले डेढ वर्ष बित्दासमेत विषयगत समिति गठन गर्न नसकेकाले तत्काल गठन गर्नुपर्ने लामाको माग रहेको छ । प्रदेश सरकारले विकास निर्माणको कार्यको भुक्तानी गर्न नसकेकोले सडक निर्माणको काममा ढिलासुस्ती भएको उहाँको आरोप छ । काम गर्न नसके सरकारमा बसेको औचित्य नहुने बताउँदै सरकारले वर्तमान समयमा आँखामा छारो हाल्ने काममात्रै गरेको बताउनुभयो ।

बैठकमा नेकपा एमालेका सचेतक मधुसूदन पौडेलले सांसदले निर्णय गर्ने तर कर्मचारीले नमान्ने गरेकाले केही कार्यमा समस्या आएको बताउनुभयो । संसद्को निर्णय कार्यान्वयन हुनुपर्नेमा कर्मचारीले विभिन्न अप्ठेरो देखाएर समस्यामा परेको उहाँको भनाइ छ । जनताको धेरै आशा अपेक्षा भएको तर प्रदेश सरकारले उक्त अपेक्षा पूरा गर्न नसकेको बताउँदै उहाँले भन्नुभयो, 'प्रदेशलाई आवश्यक पर्ने कानुन निर्माण हुन बाँकी छ । संसदमा कस्ता निर्णय गर्नुपर्ने हो ल्याउनु पर्छ ।' प्रकोप नियन्त्रण गर्न सरकारसँग भएको कानुन अपुग भएको उहाँको भनाइ छ ।

दलहरूका राजनैतिक चरित्र ठिक हुनुपर्नेमा जोड दिँदै सचेतक पौडेलले भन्नुभयो- 'नेपालको सहकारीको समस्या विकृति अन्त्य गर्नुपर्छ । चाहे संघीय सरकार होस् वा प्रदेश सरकारले निर्णय गरेर कानुन निर्माण गर्नुपर्छ । देशमा भएका किसान, महिला, युवाको क्षेत्रमा रहेको समस्या समाधान गर्न सरकार लग्नुपर्छ ।' प्रदेशका जनताले संघीय लोकतान्त्रिक गणतन्त्रमा भएको अनुभूति हुने खालको काम सरकारले गर्नुपर्ने सचेतक पौडेलको भनाइ छ ।

बैठकमा नेकपा माओवादी केन्द्रका नेता सरल सहयात्रीले प्रदेश सरकारले विपद् कोष खडा गरेर सहयोग गर्नुपर्नेमा जोड दिनुभएको छ । लामो खडेरीका कारण वनमा लागेको आगोले धेरै क्षति पुऱ्याएको जानकारी गराउँदै आगामी दिनमा बाढी, पहिरोजस्ता प्रकोपका विभिन्न घटना हुने भएकाले सरकार पहिले नै सचेत रहनुपर्ने बताउनुभएको हो । प्रदेश सरकारमा सचिव संघ मातहतको हुँदा काम गर्न असहज भएकाले प्रदेश सरकारले सचिव नियुक्त गर्नुपर्ने उहाँको भनाइ छ । प्रदेशले स्थायित्वको आधारमा बहस सुरु गरी दिगो विकासको लक्ष्य लिएर काम गर्नुपर्ने उहाँको धारणा छ ।

सरकारले शैक्षिक अवस्थामा सुधार गरी रोजगारी सिर्जना हुने खालको कार्यमा लाग्नुपर्नेमा जोड दिनुभयो । सरकारले ठूलो उद्योगको सपना नराखी नेपालमा भएको रोजगारी कसरी व्यवस्थित गर्न सकिन्छ भनेर लाग्नुपर्ने सहयात्रीको धारणा थियो । प्रदेशमा सुशासन कायम गर्न आवश्यक रहेको जानकारी गराउँदै भौतिक पूर्वाधारको क्षेत्रमा के के कार्य भए भनेर हेर्न जरुरी रहेको बताउनुभयो । प्रदेश सरकारले समय तोकेर नै काम गर्नुपर्ने बताउँदै प्रदेश आत्मनिर्भर कसरी बन्नसक्छ भन्नेमा सरकार लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रदेश सरकारको स्थायित्वको लागि साझा उद्देश्य लिएर सबै दल जान आवश्यक रहेको उहाँको दाबी छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टीको संसदीय दलका नेता उद्धव थापाले बैठकमा सरकारले केही काम गर्न नसकेको बताउँदै सरकार सत्ता टिकाउनमात्र लागि परेको आरोप लगाउनुभयो । सरकारले कुनै कुराको ध्यान नदिई आफ्नो मनलाग्दो काममात्र गरेको उहाँको टिप्पणी थियो । आफ्नो पार्टीले राखेको माग संघीय सरकारले नै पूरा गर्न नसकेको थापाको भनाइ छ । संविधानमा केही असहमति रहेता पनि संविधानलाई निकम्मा बनाउने काम सत्तापक्षले गरेको थापाको आरोप छ । सरकारलाई आफूहरूले संसदीय समिति बनाएर सहकारीको वर्गीकरण गरेर लैजान सुझाव दिएको तर त्यसो नहुँदा निक्षेपकर्ताको रकम सहकारीमा डुबेको दाबी गर्नुभयो । सत्तापक्षले जनताको काम गर्न नसकेको उहाँको भनाइ थियो । वर्तमान सरकार व्यक्तिगत स्वार्थमा लागेर मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा सरकारले हेटौंडा अस्पताललाई दिन नहुने धारणा राख्नुभयो ।

यस्तै, प्रदेशसभामा एकीकृत समाजवादीको संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले सरकारले सामूहिकरूपमा गरेको प्रतिविद्धतालाई कार्यान्वयन गर्दै जानुपर्नेमा जोड दिनुभयो । बागमती प्रदेश सरकार राजनैतिक समस्याका कारण आर्थिक र विकासको गतिमा पछि परेको उहाँको दाबी छ । पछिल्लो समय राजनैतिक समस्याको कारण निर्वाचन प्रणाली भएकाले सुधार गर्न आवश्यक रहेको धारणा राख्नुभयो । पछिल्लो समय सरकार निर्देशित सहितको नियन्त्रित रहेको बताउँदै सरकारले लोकतान्त्रिक सिद्धान्तका आधारमा काम गर्नुपर्नेमा खनालले जोड दिनुभयो ।

बैठकमा नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईंले सत्ता र शक्तिमा पुग्नेले मार्क्सवाद, लेनिनवादको कुरामात्र गर्ने तर काम गर्न नसकेको बाउनुभएको छ । प्रदेशमा मजदुर र किसानको हितमा काम गर्नुपर्नेमा सरकारले त्यसो गर्न नसकेको उहाँको भनाइ छ । सरकारले वचनले मात्र नभई जनतालाई व्यवहारबाट काम गरेर देखाउन आवश्यक रहेकाले प्रदेश सरकारले मनो चिकित्सकको क्षेत्रमा काम गर्न आवश्यक रहेको उहाँको धारणा थियो । 'सरकारले भ्रष्टाचार नियन्त्रणमा काम गर्नुपर्छ, सरकारले प्रदेशमा सन्तुलित विकास गर्नुपर्छ, जनतालाई गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य सुविधा सम्पन्न गर्नुपर्छ ।' उहाँले भन्नुभयो ।

प्रदेशसभामा सामाजिक विकासमन्त्री कुमारी मोक्तानले प्रदेश उच्च शिक्षा ऐन २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश २०८० पेस गर्नुभएको छ । प्रदेशसभाको अर्को बैठक आज जेठ १ गते दिउँसो ३ बजे बस्ने गरी अन्त्य भएको छ ।

५५ जना छात्रालाई साइकल वितरण

समाज संवाददाता

हेटौंडा: मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर १ ले ५५ जना छात्रालाई साइकल वितरण गरेको छ । वडा नम्बर १ मोरङ्गेमा रहेको सरस्वती माविले आइतबार आयोजना गरेको पुरस्कार वितरण कार्यक्रममा विद्यालयमा अध्ययनरत ५५ जना छात्रालाई शैक्षिक सुधारका लागि साइकल वितरण गरेको वडा नम्बर १ का वडा अध्यक्ष आशीष तितुङले जानकारी दिनुभयो ।

विद्यालयमा अध्ययनका लागि धेरै टाढाबाट विद्यार्थी आउनुपर्ने समस्या भएका कारण विद्यालय आवतजावत गर्न सजिलो होस् भनेर विद्यार्थीलाई साइकल वितरण गरेको वडा अध्यक्ष तितुङले जानकारी दिनुभयो । वडाले ५ लाख लागतमा विद्यालयका छात्राहरुलाई साइकल वितरण गरेको थियो ।

शैक्षिक शत्र २०८० को अन्तिम परीक्षामा सहभागी भई प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । विद्यार्थीहरुलाई पुरस्कारस्वरुप कपी र कलम वितरण गरिएको विद्यालयका प्रधानाध्यापक सुकदेव अधिकारीले जानकारी दिनुभयो । आउँदो आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाले बजेटको व्यवस्था गरिदिए दुर्गम भेगबाट पठनपाठनका लागि डेरा गरी बस्ने विद्यार्थीलाई डेराभाडा प्रदान गर्ने लक्ष्य रहेको प्रधानाध्यापक अधिकारीले जानकारी दिनुभयो ।

विद्यालयलाई हाल भवन, घेराबार र मावि शिक्षकको आवश्यकता रहेको छ । गतवर्ष गाउँपालिकाले संघीय अनुदानअन्तर्गत् १ जना मावि शिक्षकको व्यवस्था गरेको थियो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ४ सय ४२ जना विद्यार्थीहरु रहेका छन् ।

कार्यक्रम वडा अध्यक्ष तितुङको सभाध्यक्षता एवम् गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्रीको प्रमुख आतिथ्यमा भएको थियो । कार्यक्रमा गाउँपालिका शिक्षा स्रोतव्यक्ति नारायणप्रसाद चापागाईको विशेष आतिथ्य, चन्द्रप्रसाद देवकोटा, पञ्जीकरण इकाई प्रमुख मिलनकुमार गौतम, वडा सचिव मुकेशप्रसाद कुसवाह, विद्यालयका प्रधानाध्यापक अधिकारीलगायतको उपस्थिति थियो ।

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

वनमा आगो लगाउनेलाई वन ऐन – नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयाँ सम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुनसक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेँलो निभाऔं । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

डिभिजन वन कार्यालय, मकवानपुर

वडा कार्यालयद्वारा विपन्न विद्यार्थीलाई पोशाक सहयोग

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले श्रमिक माविका विपन्न विद्यार्थीलाई सोमबार विद्यालय पोशाक वितरण गरेको छ । विपन्न परिवारका ५२ जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरिएको थियो भने अंग्रेजी माध्यमतर्फ ४ कक्षा र ५ कक्षामा भर्ना हुने पहिलो ५/५ जना गरी १० जना विद्यार्थीलाई पोशाक हस्तान्तरण गरिएको छ ।

विद्यालयले लागु गरेको सदनगत पोशाक खरिद गर्न नसक्ने विपन्न परिवारका विद्यार्थीलाई वडा कार्यालयले पोशाक सहयोग गरेको हो । वडाले टि-सर्ट, ट्राउजर र जुत्ता वितरण गरिएको छ । विद्यालयले हरेक मंगलबार र शुक्रबार सदनगत पोशाकको व्यवस्था गरेको छ ।

विद्यार्थीलाई वितरण गर्नेगरी वडाअध्यक्ष सिग्देल (दायाँ) ले प्रधानाध्यापक दाहाल (बायाँ) लाई पोशाक हस्तान्तरण गर्नुहुँदै ।

वडा अध्यक्ष नवीन सिग्देलले एकजना प्रतिनिधि विद्यार्थीलाई पोशाक वितरण गर्नुहुँदै एकमुष्ठ विद्यालयका प्रधानाध्यापक श्रीराम दाहाललाई विद्यालय पोशाक हस्तान्तरण गर्नु भएको थियो । वडा अध्यक्ष सिग्देलले हस्तान्तरण गर्नुभएको विद्यालय पोशाक विद्यालयले सोमबार नै विद्यार्थीलाई वितरण गरेको छ । श्रमिक माविले कक्षा ४ र ५ मा यसै बर्षदेखि अंग्रेजी माध्यम समेत सञ्चालन गरेकोले नयाँ विद्यार्थी भर्नालाई आकर्षित गर्न पोशाक वितरण गरेको जनाएको छ ।

१० कक्षासम्म पठनपाठन हुने श्रमिक माविमा ८ कक्षासम्म अंग्रेजी माध्यममा समेत पठनपाठन भइरहेको छ । चालु शैक्षिक सत्रमा एक सयभन्दा बढी संख्यामा नयाँ विद्यार्थी भर्ना भएर विद्यार्थी संख्या ६ सय भन्दा बढी भएको प्रधानाध्यापक श्रीराम दाहालले जानकारी दिनुभएको छ । जेठ महिनाको अन्त्यसम्ममा विद्यार्थी संख्या ७ सय नाघ्ने उहाँको भनाइ छ । शैक्षिक सत्र २०८० को वार्षिक परीक्षामा ५ सय १७ जना विद्यार्थी सहभागी भएको जानकारी दिनुहुँदै चालु शैक्षिक सत्रमा विद्यार्थी संख्या ८ सय पुऱ्याउने विद्यालयको लक्ष्य रहेको बताउनुभएको

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

सम्पादकीय

जनताकेन्द्रित बजेट

नयाँ आर्थिक वर्ष सुरु हुन २ महिना बाँकी छ । नयाँ आर्थिक वर्ष नजिकिँदै गर्दा तीनै तहका सरकार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तयारीमा जुटिरहेका छन् । आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणमा संघ, प्रदेश र स्थानीय सरकारले तयारी गरिरहेका छन् । संवैधानिक व्यवस्थाअनुसार संघीय सरकारले प्रत्येक वर्ष जेठ १५ गते आगामी आर्थिक वर्षका लागि बजेट ल्याउनुपर्छ । संघीय व्यवस्थापिकाको संयुक्त बैठकमा सरकारका अर्थमन्त्रीले नयाँ आर्थिक वर्षको बजेट पेश गर्नुपर्ने व्यवस्था रहेको छ । बजेट पेश गर्नुअघि व्यवस्थापिकामै सरकारको नीति तथा कार्यक्रम पेश गरी पारित गर्नुपर्ने हुन्छ । संघीय सरकारले करिब २ सातापछि बजेट पेश गर्नुपर्ने भएकाले आज जेठ १ गते प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा सरकारको नीति तथा कार्यक्रम पेश हुँदैछ । सरकारको नीति तथा कार्यक्रम राष्ट्रपतिले पढेर सुनाउने प्रचलन छ ।

तोकिएको समयमा बजेट ल्याउनुपर्ने संवैधानिक बाध्यताका कारण सबै तहका सरकार त्यसअघि नै बजेटको तयारीमा जुट्ने गरेका छन् । जेठ १५ गते संघीय सरकारले बजेट ल्याउनेछ भने प्रदेश सरकारहरुले असार १ गते प्रदेशसभामा बजेट पेश गर्नेछन् । स्थानीय तहहरुले भने असार १० गतेभित्र गाउँसभा वा नगरसभामा बजेट पेश गर्नुपर्नेछ । तीन तहको सरकारमध्ये सबैभन्दा पहिले संघीय सरकारले बजेट पेश गर्नुपर्ने भएकाले बजेटको तयारीमा पनि संघीय सरकारमै चटारो सुरु भएको छ । संघीय व्यवस्थापिकाअन्तर्गत्को प्रतिनिधिसभाको बजेट अधिवेशन बैशाख २८ गते शुक्रबार सुरु भएको छ । बागमती प्रदेशसभाको बजेट अधिवेशन पनि बैशाख ३१ गते सोमबारबाट सुरु भएको छ । आज जेठ १ गते राष्ट्रपति रामचन्द्र पौडेलले संघीय सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पेश गरेपछि प्रतिनिधिसभा र राष्ट्रियसभामा उक्त नीति तथा कार्यक्रमबारे छलफल गरेर पारित भएपछि संघीय सरकारले बजेट पेश गर्ने बाटो खुल्छ । यस्तै, प्रदेश सरकारले प्रदेशसभा र स्थानीय सरकारले गाउँ वा नगरसभामा पेश गरेको नीति तथा कार्यक्रम पारित नभएसम्म बजेट पेश गर्न पाउँदैन ।

सरकारले करिब २ महिना अघिदेखि बजेट निर्माणको तयारी गरिरहेको छ । सरकारले बजेट निर्माणअघि अर्थविद्, उद्योगी, व्यवसायी, विकास साझेदार लगायत सरोकारवाला पक्षहरुसँग प्रिबजेट छलफल गर्ने गर्दछ । छलफलको क्रममा सरोकारवालाहरुले सरकारले ल्याउनुपर्ने नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने कुराहरुबारे सुझाव दिने गरेका छन् । जनताको सुख र समृद्धिका लागि काम गर्नुपर्ने सरकारले आफ्नो नीति, कार्यक्रम र बजेटलाई जनतामुखी बनाउन सबै पक्षको सुझाव संकलन गर्नु सकारात्मक हो । सबैको आवश्यकता र समस्यालाई सम्बोधन गर्ने गरी नीति, कार्यक्रम र बजेट ल्याउन सकेमा त्यो जनतामुखी हुन्छ र त्यसको कार्यान्वयनबाट मुलुक र यहाँका आम नागरिकको हित गर्दछ ।

बजेट निर्माणका क्रममा ठूलो आकारको बजेट ल्याउनुपर्ने, पूर्वाधार निर्माणमा जोड दिनुपर्ने, सामाजिक सुरक्षा भत्ता वृद्धि गर्नुपर्ने, कर्मचारीको तलब वृद्धि गर्नुपर्ने, किसानलाई सहुलियत र कृषिको विकास गर्नुपर्ने, व्यापार/व्यवसाय प्रवर्द्धनमा जोड दिनुपर्ने, रोजगारी वृद्धि गर्नुपर्ने, गरिबी न्यूनीकरणमा ध्यान दिनुपर्नेजस्ता सुझाव बढी आउँछन् । सरकारको नीति, कार्यक्रम र बजेटमा आफ्नो क्षेत्रलाई प्राथमिकता दिनुपर्ने माग जोसुकैको हुनु स्वभाविक हो । तर, सरकारले बजेट निर्माणका क्रममा आम नागरिकका गुनासा, समस्या र अप्ठेरोलाई सम्बोधन गर्ने कुरामा ध्यान दिनुपर्छ । महिनौं अघिदेखि बजेटबार सुझाव संकलन गरे पनि अन्तिम समयमा आफ्नो पार्टी, आफ्नो मान्छे र आफ्नो निर्वाचन क्षेत्रलाई उच्च प्राथमिकता दिएर बजेट विनियोजन गर्ने परिपाटी विद्यमान छ । आम जनताको आवश्यकता सम्बोधन हुनेगरी जनताकेन्द्रित नीति, कार्यक्रम र बजेट बनाउन तीनै तहको सरकार गम्भीर हुनु आवश्यक छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : भूमि, घर सम्बन्धी काममा सरिक भइने समय छ ।
वृष : परोपकारी काम र सेवामा समय बित्ला ।
मिथुन : सोचबिचार पुऱ्याएर काम गर्दा लाभकारक हुन्छ ।
कर्कट : आर्थिक अवस्थामा सुधार आउने योग छ ।
सिंह : आफ्नो स्वास्थ्य स्थितिमा सुधार आउने समय छ ।
कन्या : कार्य पद्धतिमा सुधार गर्दा राम्रो रहने समय छ ।
तुला : खानपानमा विशेष ध्यान पुऱ्याउँदा राम्रो होला ।
वृश्चिक : कामको चापको कारण थकान बढ्ने समय योग छ ।
धनु : प्रतियोगी र प्रतिद्वन्द्वी सामु विजय प्राप्त होला ।
मकर : स्वास्थ्य सबल बन्ने समय योग रहेको छ ।
कुम्भ : कला र साहित्यमा झुकाव बढ्ने समय योग रहेको छ ।
मीन : धार्मिक र सामाजिक काममा सरिक भइने समय योग छ ।

नागरिक शिक्षा शिक्षकको भुमिका

राजु प्रसाद गौतम

नागरिक शिक्षा भनेको नागरिकलाई अधिकार, कर्तव्य र जिम्मेवारीप्रति सजग गराउने एक महत्वपूर्ण प्रक्रिया हो । यो स्वशासनको शिक्षा हो । यसले एकातर्फ व्यक्तिलाई सशक्त बनाउँछ भने अर्कोतर्फ स्वव्यवस्थापन र स्वनियन्त्रण गर्न सक्ने क्षमताको विकास गर्दछ। नागरिक शिक्षाले नागरिकलाई सार्वजनिक जीवनमा प्रभावकारी सहभागिताको वकालत गर्दछ। यसको लोकतन्त्रसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । देशको आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा नेतृत्व प्रदान गर्न सक्ने सक्षम र आदर्श नागरिक तयारपार्नु नागरिक शिक्षाको मूल उद्देश्य हो । एक असल नागरिकको लागि चाहिने ज्ञान, सीप, दक्षता, ऊर्जा, साहस, त्याग, धैर्यता, सेवाभाव, लगायतका विषयहरू नागरिक शिक्षाले समेटेको हुन्छ । समग्रमा, असल नागरिक निर्माण गरी लोकतन्त्र र व्यक्तिगत स्वतन्त्रताको संरक्षण, सम्वर्धन र प्रवर्द्धनमा मद्दत पुऱ्याउनकै लागि नागरिक शिक्षा चाहिएको हो ।

नागरिक शिक्षाले आफू, आफ्नो समाज र राज्यप्रति प्रत्येक व्यक्तिको अधिकार र कर्तव्यका कुरा गर्दछ। सर्वप्रथम व्यक्तिले आफ्ना अधिकार, जिम्मेवारी, उत्तरदायित्व, कर्तव्य, आचरण र जवाफदेहीताका बारेमा बुझ्नुपर्दछ। दोस्रो, अन्य व्यक्तिहरुप्रतिको सम्मान, हित, सद्भाव, नैतिकता, अनुशासन, आपसी विश्वास, विविधता उपर हुनुपर्ने सम्मान लगायतका कर्तव्यहरूको विषय बुझ्नुपर्दछ । यसैगरी तेस्रो, राज्यप्रति रहने कर्तव्यहरू जस्तो राष्ट्रियता, राष्ट्रिय एकताप्रतिको गौरव भाव, कानुन निर्माणमा सहभागिता र सो को पालना, लोकतन्त्रप्रतिको निष्ठा, कला, साहित्य र संस्कृति संरक्षण आदि लगायतका विषयहरूले स्थान पाउँछन्। अतः यिनै अधिकार र कर्तव्यको बोध गराउने विषय नै नागरिक शिक्षा हो।

नागरिक शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । यसको क्षेत्र अत्यन्त विशाल छ । मूलतः औपचारिक र अनौपचारिक गरी नागरिक शिक्षाका दुई विधिहरू हुन्छन् भने राजनैतिक, नैतिक, सामाजिक, विकास र व्यक्तित्वका आयामहरूमा यसको विश्लेषण, व्याख्या र सिकाई गराइन्छ। देश निर्माणका लागि बहुआयामिक क्षमता भएका, गतिशील, सक्षम र चरित्रवान नागरिकको ठूलो महत्व रहेको हुन्छ। शिक्षित र योग्य नागरिक कुनै पनि राष्ट्रका सम्पत्ति हुन् । सर्वप्रथम राज्य संयन्त्रको नीतिगत र व्यवस्थापकीय तहमा नागरिक सक्षमता अभिबृद्धि गर्ने र तिनलाई अवसर दिई राज्यभित्रै रोकेर राख्ने वातावरणको सृजना गर्न सके मात्र देश समृद्ध बन्छ भन्ने कुरा बुझ्न जरुरी छ । विडम्बना भन्नुपर्छ हामीकहाँ न त क्षमतायुक्त मानव संसाधन तयार गर्ने वैज्ञानिक शिक्षा पद्दति छ न त तिनलाई उपयुक्त अवसर दिई रोकेर राख्ने संयन्त्रहरू निर्माण भएका छन् । राज्यले नीतिहरू बनाईरहँदा वैदेशिक रोजगारीको लागि फ्री भिसा फ्री टिकटलाई जतिमहत्व दिएको देखिन्छ, सोही अनुरूप देशभित्रै उद्योग, कलकारखानाहरू खोली रोजगारी र स्वरोजगारीका अवसरहरू सृजना गरी आत्मनिर्भर हुनुपर्छ भन्ने तर्फ पर्याप्त ध्यान पुऱ्याउनसकेको देखिँदैन हो, नीतिहरूको सो पानमा सबैभन्दा माथि राजनीति रहन्छ । तसर्थ तपसिलका नीतिहरूका बारेमा बढी टीकाटिप्पणी भन्दा देशका युवाहरुलाई राजनीतिक दलहरुबाट के कस्तो दिशा निर्देश भइरहेको छ, प्रत्येक दलहरूले आफ्ना कार्यकर्ताहरूलाई कस्तो स्कुलिङ दिइरहेका छन् ।

हाम्रो चुनाव प्रणालीमा कार्यकर्ता परिचालन के कसरी भइरहेको छ, कस्तो प्रतिस्पर्धा र रणनीतिलाई हामी अवलम्बन गरिरहेका छौं, सो मार्फत आम नागरिक, कार्यकर्ता र समाजमा कस्तो छाप, चेतना वा शिक्षा गइरहेको छ उक्त विषयहरू बढी सोचनीय देखिन्छन् । हामीले आदर्श नागरिक निर्माणका सन्दर्भमा राजनीतिक हिसाबले कस्तो मार्गदर्शन गरिरहेका छौं, कस्ता राजनीतिक कार्यकर्ता निर्माण गरिरहेका छौ । विचार गर्नुपर्ने कोही राजनीतिक कार्यकर्ताहरूलाई पार्टीहरूले दिने प्रशिक्षण र हाम्रो परिवार, समाज र शैक्षिक संस्थाहरूले प्रदान गर्ने सिकाइ केकस्तो स्तर, गुणको छ । देशप्रति, आफैँप्रति, इतर गुट वा दलप्रति र समाजका अरू मानिसहरूप्रति कस्तो सोचसहितका युवाहरूलाई हामी प्रोत्साहित गरिरहेका छौं। हाम्रो राजनीतिक संस्कार कस्तो छ ? पार्टी भित्र आलोचनालाई हामीले कस्तो स्थान दिएका छौं ? के आलोचनात्मक चेतना नभएको कार्यकर्ताले भोलिको पार्टी र देशलाई सही मार्गमा लिएर हिँड्न सक्ला ? आफू र आफ्नो गुट वा पार्टीको मात्र हित हेर्ने कार्यकर्ताले समग्र समाज र राष्ट्रको उन्नति र विकासमा कति योगदान गर्न सक्छ ? उसकै नेतृत्वमा लामबद्ध युवाले के कस्तो ज्ञान लिएर भोलिका दिनमा देशलाई समृद्धिको दिशामा अघि बढाउला त ?

समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालीन लक्ष्य हासिल गर्न यस्तै संस्कारले कसरी सम्भव होला र यदि सुधारिनु पर्ने महसुस हुन्छ भने बीचमा रहेका तगाराहरू के छन् ? समयमै हटाई अघि बढौं । नागरिकलाई एक परिपक्व नागरिक बनाउन कानुनप्रतिको आदरभाव सिकाउन जरुरी देखिन्छ । कानुन सबैका लागि समान हो । यसको परिपालनाले मात्र समाजमा शान्ति र सुव्यवस्था कायम रहन्छ, जसले देशलाई समृद्धिको दिशातर्फ उन्मुख गराउन मद्दत पुऱ्याउँछ। सानालाई ऐन, ठूलालाई चैन हुने गरी कानुन पालनाको परिपाटीले अन्ततः समाजमा आक्रोश र असन्तुष्टि बढाउँछ । कालान्तरमा यसले नकारात्मक परिणाम ल्याउने जोखिम बढेर जान्छ । हाम्रो शिक्षा पद्दति र राजनैतिक जागरणले युवा जनशक्तिलाई कुन बाटोमा हिँडाइरहेको छ । यस विषयमा गहन चिन्तन नगरी नागरिक शिक्षा र कर्तव्यका मोटा पुस्तकहरूले व्यवहारिक ज्ञान दिन सक्दैनन् । हाम्रो विश्वविद्यालयको शिक्षा प्रणालीले कुनै एक युवालाई स्नात्तकोत्तर गरिसकेपछि के कार्यका लागि तयार गऱ्यो र अब उसले जीविकोपार्जन सहजै गर्न सक्छ भनी ग्यारेन्टी गर्ने आधार केही देखिँदैनन् । कति स्नातकोत्तर वा शैक्षिक युवाहरु छन् र तिनको देशभित्रै रोजगारी वा स्वरोजगारी अवस्था के छ यी विषयहरूका बारेमा राज्यसँग तथ्याङ्कहरु छन् या छैनन्, यदि छैनन् भने के कस्तो मानव संसाधन योजना तयार होला र सो को कार्यान्वयन कसरी हुने हो, सोबाट राज्यले कस्तो प्रतिफल हासिल गर्ला सोचनीय विषय बन्न सक्छ ।

मध्यम वर्गीय एक युवाले जेनतेन गुजारा गर्दै उत्कृष्ट नम्बरका साथ स्नात्तकोत्तर गरिसकेपछि जागिरका लागि लोकसेवा आयोगको गाइड पढ्न बाध्य छ। लोकसेवाको पाठ्यक्रम र उसको विश्वविद्यालयको पाठ्यक्रम बीचमा तालमेल नहुँदा फेरी पनि कडा मिहिनेतन गरी सेवा प्रवेश गर्न कठिन छ। प्रारम्भिक परीक्षा देखिका विभिन्न प्रावधानहरूलाई सम्बन्धित निकायले आआफ्नै कोणबाट पुष्ट्याईंसहित ठिक गरेका छौं । यसको विकल्पै छैन त भन्ला, तर एकपटक आम परीक्षार्थीको नजरबाट हाम्रो विभिन्न पदहरूको पाठ्यक्रम, परीक्षा प्रणाली र कार्यसम्पादनका बीचको तालमेल हेर्दा के हामी सही मार्गमै छौं त ? हामी सुधारिनु पर्थ्यो भने किन त्यसको भार आम परीक्षार्थीलाई पार्ने ? उमेर र पारिवारिक तथा मनोवैज्ञानिक दबावका बीच उसले लोकसेवा तयारी गरी पास भई सेवा प्रवेश गऱ्यो भने त देशभित्रै भविष्य देख्ला । मौजुदा कर्मचारीतन्त्रको सेप र साइजमा ढालिएर, पदेन बुद्धिसँग मत मिलाउँदै, 'किन चाउरिस मरीच आफ्नै पिरले' भन्ने उखानमा जस्तै आफ्नो अधिकतम क्षमताको उपयोग गरेर कार्यसम्पादन नगरे पनि निरन्तरतासम्म देला । उसको चाहना हुँदाहुँदै पनि विभिन्न परिवेशका बाध्यताहरुले लोकसेवा सफल हुन सकेन भने कति अवधि कुरिरहने भनी अन्ततः उसको गन्तव्य बिदेशयात्रा वा अरू नै केही हुन्छ, त्यसपछि फेरि सङ्घर्ष सुरु नगरी सुख त टाढाको कुरा जीवनयापन समेत हुँदैन । के यही नै हामीले खोजेको हो वा हैन भने के हो रु हाम्रो शिक्षा प्रणाली र रोजगार पद्दति बीच कहाँ किन तालमेल मिलिरहेको छैन ? निर्णायक तहमा रहनेहरूले सोच्ने बेला आएको छ।

राज्यले नागरिकलाई निश्चित अधिकार र कर्तव्यको प्रत्याभूत गरेको हुन्छ। व्यक्तित्व विकास र निर्बाध जीवनयापनका लागि नागरिकलाई कानुनद्वारा प्रत्याभूत र समाजद्वारा स्वीकृत अधिकारहरु प्राप्त हुन्छन् । प्राकृतिक, नैतिक र कानुनी अधिकारहरूको सन्तुलित प्रयोगबाट मात्र नागरिकले समाजमा सम्मानित जीवन बाँच्न सक्दछ। फेरी अर्को विषय के स्पष्ट हो भने संविधानका सुनौला अक्षरहरूमा र ऐन कानुनका प्रावधानहरूमा अधिकार र कर्तव्यका कुरा लेख्दैमा पूरा हुने विषय भने होइनन् । कर्तव्य त हामी प्रत्येकले आआफ्नो क्षेत्रमा कति प्रतिबद्ध भई कार्य जिम्मेवारी निर्वाह गरेको अनुभूत गर्ने विषय हो। हाम्रा संयन्त्रहरू कति कर्तव्य उन्मुख छन् र जिम्मेवारी निर्वाह गरिरहेका छन्। हाम्रो परिवेश, राजनीतिक संस्कार, शिक्षा प्रणालीहरूले नागरिकलाई कर्तव्यबोध गराउन के कति भूमिका खेलेका छन् मनन गरौं । स्वाभाविक रूपमा लोकतन्त्रमा नागरिक स्वतन्त्रता सर्वप्रिय बस्तु हो । यसको महत्व उपभोग गरिरहँदा भन्दा जुन दिन कटौती हुन्छ त्यस दिन मात्र ज्यादा अनुभूत हुने गर्दछ।

स्वतन्त्रता र अधिकारको उपभोगमा खासगरी इलाइट वर्गले जिम्मेवारी र कर्तव्य भूल्न थालेको देखियो, जुन राम्रो सङ्केत होइन । आफूले स्वतन्त्रताको निर्बाध उपभोग गर्न चाहने र अधिकार पर्याप्त खोज्ने तर अरूको आत्मसम्मानमा चोट पुऱ्याउने, बेवास्ता गर्ने कार्यहरू शक्ति र श्रोतमा पहुँच भएकाले गरेको देखिदा आम नागरिकलाईराज्यप्रति अपनत्व बोध हुन सकिरहेको छैन । हुने खानेको पक्षबाट मात्र राज्य क्रियाशील रहने हो भने हुँदा खानेको अवस्था के हुने र आगामी दिनमा झन् कस्तो हुँदै जाने रु तसर्थ अधिकारका झन्डा र व्यानरहरू उचालिरहँदा कर्तव्यको डोरी चुँडियो भने भोलि सकस नपर्ला भन्न कसरी सकिएला र ?

कर्तव्य र जिम्मेवारीहरूलाई जीवन पद्दतिकै रूपमा लिई अनुशरण गर्ने बानी पार्न अब ढिला गर्न हुँदैन । नागरिकलाई आफू, परिवार, दल वा सङ्गठन र सो भन्दा माथि राष्ट्र हुन्छ भन्ने अनुभूत गराउनु दल तथा हामी सबैको चासो र चिन्ताको विषय हो । राष्ट्रप्रति गौरवको भावना जागृत गर्ने र हरेक नागरिक आफैमा बर्दी बिनाका देशका रक्षक हुन् भन्ने भावनाको विकास कसरी गर्ने हो ? सोच त्यतातर्फ केन्द्रित गर्नुपर्नेछ। राष्ट्रिय झन्डा, गान, भाषा, संस्कृति, राष्ट्रियता, शहीद, कमजोर वर्गको कल्याण, सहिष्णुभाव, राज्यलाई समयभित्रै कर तिर्ने विषय र मतदानमा भाग लिने विषय जस्ता कर्तव्य एवम् राष्ट्रिय एकता र अखण्डताका प्रतीकहरू किन बिस्तारै कम महत्वका र कमजोर हुँदै गए ? यसतर्फ नेतृत्व र राज्यका जिम्मेवार संयन्त्रहरूले खोजी गर्नुपर्ने होइन र ? विक्रम संवत् २०७२ सालमा जारी नेपालको संविधानको धारा ४८ मा प्रत्येक नागरिकको कर्तव्य किटान गरिएको छ ।

राष्ट्रप्रति निष्ठावान् हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, संविधान र कानुनको पालना गर्नु, राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु आदि विषयहरू नागरिकका कर्तव्यका रूपमा मूल कानुनमा उल्लेख गरिएको छ । नागरिक कर्तव्य आफैमा फराकिलो विषय हो । संविधानमा रहेका सूचना, सञ्चार, शिक्षा, भाषा, संस्कृति लगायतका बृहत्तर मौलिक हकहरूले नागरिक चेतना र शिक्षाको विकासका क्षेत्रमा अग्रगामी रहेको देखिए तापनि यिनको पालना के कस्तो अवस्थामा छ विश्लेषण गर्न जरुरी छ । समानुपातिक निर्वाचन पद्दति अनुशरण गर्दै समावेशी लोकतन्त्र आर्थिक, सामाजिक राजनीतिक उद्देश्य संविधानमै किटान गरिनुलेमात्र हाम्रा अपेक्षा पूरा भएका हुन् वा तिनको कार्यान्वयनको पाटो केलाउन पनि जरुरी छ ,खोजी गरौं । नागरिक कर्तव्यको कुरा संविधान ऐन कानुनमा राखेर मात्र उद्देश्य पुरा हुने होइन । यसले त नागरिकको देशप्रतिको प्रेम भाव, भक्ति, स्वाभिमान, आस्थालाई सङ्केत गरिरहेको हुन्छ सोको पालनाले थप परिष्कृत गराउँदै लैजाने विषय हो । निजामती सेवा ऐन, २०४९ र अन्य सम्बद्ध ऐन कानुन बमोजिम कर्तव्य निर्वाहका क्रममा प्रत्येक निजामती कर्मचारीले आफ्नो सेवा र पद अनुकूलको आचरणसमेत पालन गर्नुपर्ने व्यवस्था छ। कर्मचारीले आफ्नो कार्यालयमा काम गर्दा सबैप्रति शिष्ट र मर्यादित व्यवहार गर्नुपर्ने, आफ्नो कार्यालय तथा पदअनुसार आइपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक बहन गरी निष्पक्ष, स्वच्छ तथा छिटो छरितोरूपमा कार्यसम्पादन गर्नुपर्ने लगायतका विषयहरू राखिएका छन्। अन्य विभिन्न सेवा समूहका सन्दर्भमा समेत क्षेत्रका ऐन, नियमको परिधिभित्र रही आचरण र कर्तव्यका विषयहरू उल्लेखित छन् । तथापि निजामती सेवा ऐन आफैमा माउ कानुन भएकोले पनि यसका प्रावधानलाई नै केन्द्रमा राखेर अरू कानुन नियम निर्देशिका मापदण्ड तयार गरिन्छन्।

अतः नागरिक कर्तव्य निर्वाहका सम्बन्धमा संविधान, राजनीतिक दलहरूले पार्टी सञ्चालन र कार्यकर्ताका लागि स्थापित गरेका आचरणहरू र निजामती सेवा ऐन प्रमुख हुन्। अरू सम्बद्ध कानुन, ऐन, नियम, निर्देशिकाहरु, मापदण्डहरूको परिधिभित्र रही कार्यसम्पादन भइरहे पनि सुधारका लागि अझै धेरै गर्न बाँकी नै छ । अन्त्यमा, सुधार आम नागरिकको पाटोबाट खोजिनु पर्ने हो तथापि राजनीतिज्ञ र कर्मचारीतन्त्र जसले राज्यको श्रोत सम्पत्ति अधिकारर शक्तिमा पहुँच राखेका हुन्छन्, क्षेत्रको सुधारले अरू तमाम नागरिकलाई समेत कर्तव्य निर्वाह गर्नमा दबाब पैदा गर्दछ । कमजोर देखिएका विषयहरु जस्तो इमान्दारिता र नैतिकताको विषय, अधिकारमुखी प्रवृत्ति, कसै उपरको अन्यायमा मौन रहने संस्कृति, मताधिकारको महत्वबोध नगरिनु, दण्डहीनता, सभ्य संस्कार विकास नहुनु, राज्य दोहन र कमाऊ प्रवृत्ति लगायतका विषयहरूमा सुधार ल्याउने एक मात्र विषय नागरिक शिक्षा र कर्तव्य पालन भएकोले यसतर्फ सबै राजनीतिक दलहरू, राज्य संयन्त्र र आम नागरिकको ध्यान जान जरुरी देखिन्छ। नागरिक शिक्षाका लागि अध्ययनको मनोविज्ञान आवश्यक छ । अध्ययनको मनोविज्ञान निर्माण गर्न प्रातः काललाई नबिर्सने, मनलाई सकारात्मक र हरदम खुशी राख्ने, अध्ययनप्रति पूर्ण श्रद्धाभाव राख्ने, आफूमा रहेको विषयगत अज्ञानताको बोध गर्ने, आवश्यक मनोरञ्जन गर्ने, मष्तिष्कलाई बिश्राम दिने, मनलाई नियन्त्रणमा राख्ने, विषयगत रुचीलाई ध्यानमा राख्ने, जिज्ञासु हुने, आत्मविश्वास बढाउने, सदैव आशावादी र उत्साही हुने, अध्ययनमा बिषयगत विविधता ल्याउने, अध्ययनको उद्देश्य निर्धारण गर्ने, वातावरणलाई अनुकुल राख्ने, मैले पढ्ने छु भनेर संकल्प गर्ने, मष्तिस्कलाई बसमा राख्ने, अध्ययनको निरन्तर अभ्यास गर्ने, जटिलताबाट मुक्त हुने, सारांशमा भन्दा नागरिक शिक्षा भनेको नागरिकको अधिकार र कर्तव्यसहित नागरिकलाई सवल र सक्षम बनाउन दिइने शिक्षा हो ।

यसको साथै असल र सक्षम शासन

....बाँकी पृष्ठ ३ मा

बालमैत्री अभियान, विद्यालयबाट बाहिरिएका विकासहरु र बिच्छी मन्तर

आशिष दुलाल

आईतबार मात्र हेटौंडामा चोरीको घटना आयो, सानोपोखरा मनकामनाचोकबाट चोरी गर्दैगरेको अवस्थामा हल्लाखल्ला मार्फत केहि मान्छेहरु समातिए । प्रहरी आयो, चौकी लग्यो र आवश्यक प्रक्रिया थालियो सामान्य अनि नियमित प्रक्रिया । तर यो सामान्य प्रक्रिया भइरहँदा घटना सोचे जस्तो सामान्य थिएन । राती ९ बजेको आसपासमा कसैको छतमा शंकास्पद व्यक्तिहरु अर्काको घरमा दराज खोलेर ब्ल्याङ्केट, तन्नाहरु अर्को घरको छतमा लैजाँदै गरेको अवस्थामा स्थानीयवासीले थाहा पाए र हारगुहार गरे । भाग्दै गरेको अवस्थामा उनिहरु समातिए, अझ घटनाको गहिराईले अर्को मोड लियो ।

मनकामनाचोकमै डेरा गरी बस्ने १५ बर्षका एक बालक जसको सौतेनी आमा छिन् र बुवा बैदेशिक रोजगारीमा छन् । उनको योजनामा हेटौंडामा अस्थायी वसोवास गर्ने अन्य ५ जना केटाकेटीहरु आईपुग्छन् । सबैको उमेर १२ बर्षदेखि १७ बर्षसम्मको छ । उनिहरुले कसैको जन्मदिन मनाउने वहानामा त्यहाँ भेला भएका हुन्छन् । ३ जना बालक र ३ जना बालिका प्रायः सबैले मादक पदार्थ तथा लागुपदार्थ सेवन गरेका छन् । जसमध्ये बालिकाहरुले पार्टीमा लगाउने जस्तो छोटो कपडा लगाएका छन् । कसैको हातमा जन्मदिनको उपहार फूल पनि देखिन्छ । एकजना बालक जसको हात प्लास्टर गरिएको छ, उनि बाटोमा स्थानीयको गतिविधि नियाल्न चनाखो भएर बस्छन् र अरु केटाकेटीहरु बर्थ डे मनाउने र अन्तरंग पार्टीको योजना लिएर छतमा पुगेर अर्को घरको दराजबाट सिरक डसना बोकेर ल्याउन थाल्छन् । पटक-पटक टापटुप सामान छतैबाट हराएर आजित भएका स्थानीयवासी सरोज देवकोटाले आवाजको सुईको आउने बित्तिकै चिच्याउँछन् र डरले भाग्दै गर्दाका केटाकेटीहरु समातिन्छन् । टोलमा टापटिप सामान, मोवाईल, ल्यापटप, जुत्ता हराउन थालेको पटकौं भैसक्यो । पीडितले प्रहरीकोमा उजुरी पनि दियो तर दोषी पत्ता लागेको छैन । यसैबीच रंगेहात पक्राउ परेका अभियुक्तहरु चोरीको उद्देश्य भन्दा पनि लागुपदार्थ दूर्व्यसन, यौन दुर्व्यसनी तथा अन्य कुलतमा फसेको देखिन्छ । बालमैत्रीको ढ्वाङ थर्किरहँदा उपमहानगरपालिकाको आडैमा रहेका बालबालिकाहरुका समूह यस्तो अवस्थामा भेटिनु स्थानीयवासीलाई नौलो लाग्यो तर यो घटना पहिलो पटक नभएको प्रहरी बताउँछ ।

हेटौंडामा चोरीका घटना फाटफुट सुन्दै आएको घटना हो । बढ्दो सहरीकरणसँगै यस्ता घटनाहरु हेटौंडा मात्र होइन विश्वका धेरै सहरले चोरी, लुटपाटको समस्या भोगिरहेको छ र हुन्छ तर यस्तोमा प्रहरी-प्रशासनको भूमिका र आफ्नो सुरक्षामा सम्बन्धित व्यक्तिको सजगताले यस्ता घटनालाई मलजल गर्ने या निरुत्साहित गर्ने भनेर तय गर्दछ । यो आलेखको मुख्य उद्देश्य चोरीको घटना र यसका कारणहरु पत्ता लगाउने तर्फ केन्द्रित छैन । बरु दोश्रो उद्देश्यको रुपमा चर्चा गर्न सकिएला ।

हेटौंडामा १० देखि १५ जना बालिका, किशोरीको समूह रहेको र चोरी, यौन धन्दा, झै-झगडामा संलग्न हुने गरेका र पटक-पटक समातेर प्रहरीले हिरासतमा राख्दै छोड्दै गर्नुपरेको अवस्था रहेको नाम उल्लेख नगर्ने शर्तमा एकजना प्रहरी बताउँछन् । अझ प्रत्येक पटक समातिँदा फरक र नयाँ किशोरहरुका साथमा भेटिने गरेको र अभिभावकले खासै चासो नराख्ने गरेको उनको भनाई छ । त्यतिमात्र नभई बालमैत्री उपमहानगरमा सञ्चालन हुने मेला महोत्सव बालबालिकालाई जोखिममा लैजाने प्रमुख माध्यम बन्दै गैरहेको र सजग बन्न उनले सुझाव समेत दिए । लेखक आफैंले घटनामा संलग्न एक जना बालिकाको अभिभावकसँग कुरा गर्दा बालिकाको आमा र बुवा अलग भएको बुवाले दोश्रो बिहे गरेको र पढाई छाडेर पटक-पटक स्केटिङपार्क, हुप्रचौर, बुद्धचोक आदि स्थानमा शंकास्पद अवस्थामा भेटेर बुवाले लैजाँदा समेत पुनः फर्केर पुरानै दिनचर्यामा आएको थाहा पाउँदा बालिकाहरुलाई एकदिन सिविन र माईती नेपाल राखेर घर फर्काउनु भनेको स्थानयि सरकार र प्रहरीको झारा टार्ने काम मात्रै देखिएको छ ।

जोखिममा रहेका बालबालिकाहरुका लागि जिल्लामै ४ वटा बालगृह छन् तर सबैका आफ्नै प्रकृति भएको र अन्य पालिका र जिल्लाका बालबालिकाको व्यवस्थापन गर्न हेटौंडा उपमहानगरलाई मात्रै कठिनाई हुने र थुप्रै व्यवहारिक कठिनाई भएका हेटौंडा उपमहानगर पालिकाकी बाल संरक्षण निर्देशक बिष्णु कुमारी लामिछानेको भनाई छ । घटनामा संलग्न अधिकांश अन्य गाँउपालिकाबाट अस्थायी बसाईसराई गरेर आएका छन् भने ज्याला मजदुरी गर्ने पारिवारिक माहोलका बालबालिकाहरु रहेका उपमहानगरपालिकाले वडा मार्फत टोलविकास हुँदै पर्याप्त र संगठितरुपमा अस्थायी बसोबास गर्ने डेरावाला र श्रमिक समुदायसम्म पुग्न नसकिएको स्पष्ट देखिन्छ । कक्षा ६ मा तीन पटक दोहोर्‍याउनुको पिरले स्कुल छोडेर गाँजाको लत रोजेका लाग्ने विकास हुन् या आफ्नै पुर्ख्यौली थलो कुलेखानी पढ्न लैजान्छु भनेर बालबालिकाको भविष्य अन्यौल पार्ने अभिभावक अथवा पुनः भर्ना लिन नमान्ने सिद्धार्थ माविका विद्यालय प्रशासन, यी सबै बालमैत्री अभियानका बाधकहरु हुन् भनेर स्पष्ट देखिन्छ ।

वडा कार्यालयले विद्यालय बाहिर बालबालिका देख्दैन । विद्यालयले विद्यालयबाट बाहिरिएका बालबालिकाको बारेमा वडामा फिटिक्कै भन्दैन, अभिभावक जेल परेका बालबालिका आजलाई छुटाउन पाए पुग्यो भन्ने सोचेर मजदुरीमै दौडिन्छन् । यस्तो अवस्थामा बालमैत्री स्थानीय शासन अवलम्बन घोषणा गरिहाल्न हतारो गर्नु भनेको आफ्नै बाटो र आफ्नै गतिमा फलाक्दै “लागे पाए बुढाको दोष, बुढा नभए बुढीको दोष, मेरो हैन तेरो दोष” भन्दै बिच्छी मन्तर लागेको अभिनय गराई जस्तै देखिन्छ ।

मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले

गर्मी मौसममा स्वास्थ्यको ख्याल कसरी गर्ने ?

यतिबेला उच्च गर्मीको मौसम छ । गर्मीको मौसममा शरीरमा आलस्यता बढ्नु, चक्कर लाग्नु, शरीरमा क्याल्सियमको कमी हुनु, मुर्छा पर्नु लगायतका समस्याको सामना गर्नुपर्ने हुन्छ । गर्मीमा धेरै मात्रामा पानी पिउनु पर्छ भन्ने सबैले जानेका छौं । तर, त्यसबाहेक अरु के गर्दा शरीरमा फूर्ति बढ्छ आउनुहोस् जानौं ।

मौसम अनुसारको खानपिनः मौसम अनुसारको खानपानले गर्मीबाट हुने समस्याबाट छुट्कारा पाउन सकिन्छ । त्यस्तै शीतलताका लागि खर्बुजा प्रयोग गर्नु राम्रो मानिन्छ गर्मीमा । खर्बुजामा ९० प्रतिशत पानीको मात्रा हुने भएकोले यसलाई दैनिकरुपमा प्रयोगमा ल्याउन सकिन्छ । त्यस्तै हरियो तरकारी, मौसम अनुसारको फल र हल्का तथा रेशादार खानेकुरा खाँदा गर्मीका कारण शरीरमा बढेको तापमान कम गर्न सकिन्छ ।

सलादः सलादमा ९५ प्रतिशत पानी हुने र प्रोटिनको मात्रा पनि बढी हुनु अनि सलादमा ओमेगा ३ फाइबर र क्याल्सियम समेत पाइने भएकोले गर्मीमा सलाद खानु अत्यन्तै उत्तम मानिन्छ ।

सलादमा फाइबरको मात्रा बढी हुने भएकोले यसले पाचनतन्त्रमा पनि सहयोग गर्छ ।

ब्रोकाउलीः ब्रोकाउलीमा ८९ प्रतिशत पानी हुन्छ । यसले तपाईलाई गर्मीबाट बचाउन मद्दत गर्दछ ।

स्याउः स्याउमा ८९ प्रतिशत पानी हुन्छ । स्याउ फाइबर, भिटामिन र धेरै मात्राका अन्य पोषकतत्वको राम्रो स्रोत मानिन्छ । त्यस्तै अनारले पानीको मात्रा पुरा गर्न सहयोग गर्दछ ।

चामलको भातः मानिसको स्वास्थ्यका लागि भात भन्दा बढी रोटी फाइदाजनक मानिन्छ । तर, स्वास्थ्यविज्ञहरुका अनुसार गर्मीमा भात पानीको राम्रो स्रोत मानिन्छ । भातले शरीरमा पानीको मात्रा पूरा गर्न सहयोग गर्दछ । भातमा आइरन, कार्बोहाइड्रेट र अन्य तत्व प्रचुरमात्रामा पाइन्छ ।

दहीः गर्मीमा पानीको कमि पूरा गर्नका लागि दही अत्यन्तै फाइदाजनक मानिन्छ । दहीमा ८५ प्रतिशत पानीको मात्रा हुन्छ ।

हरिया तरकारीहरूः गर्मीको मौसममा लौका, करेला, फर्सी, काँक्रा, परवल, भिन्डी र सागसब्जीहरू भान्सामा बढी प्रयोग गर्नुहोस् ।

सरसफाइमा विशेष ध्यान दिनुहोसः गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्ने खतरा हुन्छ । त्यसकारण सरसफाइमा विशेष ध्यान दिनुहोस् । गर्मीका बेला धेरै समय बाहिर नरहनुहोस् । शरीरमा पानी कम हुन नदिन विशेष ध्यान दिनुहोस् ।

गर्मीमा के नगर्ने ?

खानामा धेरै मसला र तेल प्रयोग नगर्नुहोस् । बासी खानेकुरा नखानुहोस् । मासु कम खानु होस् । बाहिर निस्कँदा पानी पिएर निस्कनुहोस् । सकेसम्म शरीरलाई कपडाले छोप्नुहोस् ।

नागरिक शिक्षा...

मार्फत जनता र राष्ट्रलाई सम्बृद्ध बनाउन असल, सक्षम र कर्तव्यनिष्ट नागरिक निर्माण गर्ने शिक्षा नै नागरिक शिक्षा हो । यस्तो शिक्षा लिन र दिन सबै अध्ययनशील र व्यवहारिक हुनु अनिवार्य छ । अध्ययन, अध्यापन औपचारिक र अनौपचारिक दुवै हुन सक्छ । त्यसले केही फरक पार्दैन । तर औपचारिक शिक्षाका सबै विषयहरुमा नागरिक शिक्षाको मूल्य मान्यताहरुलाई समावेश गरेर प्राज्ञिक संस्था र व्यक्ति-व्यक्तिहरुले शैक्षिक तथा प्राज्ञिक अभियान सञ्चालन गर्ने हो भने असल नागरिक निर्माणका लागि ठूलो मद्दत पुग्न सक्छ । एउटा नागरिक अधिकारको लागि सचेत हुनु र अरुको अधिकारका लागि सजग हुनका लागि अधिकार शिक्षा वा नागरिक शिक्षा दुबैको अध्ययन, मनन र प्रयोग गर्नुले नै असल नागरिक निर्माण हुनसक्छ । (गौतम मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनास्थित जालपादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक हुनुहुन्छ ।)

रोजगारीसम्बन्धी गोष्ठी सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टको ६ दिने रोजगारीसम्बन्धी गोष्ठी सम्पन्न भएको छ । बैशाख २३ गते बुधबारदेखि सुरु भई २८ गते सोमबारसम्म सञ्चालन भएको गोष्ठीमा १६ जना विद्यार्थीले रोजगारी प्राप्त गरेको विद्यालयका व्यवस्थापक संयोजक निरज श्रेष्ठले जानकारी दिनुभयो ।

गोष्ठीमा विभिन्न १४ वटा कम्पनीका उद्योगपति र कलेजमा अध्ययनरत बीबीए, बीसीए, बीआईएम र एमबीएस अध्ययनरत ६० जना विद्यार्थीहरुबीच अन्तरक्रिया भएको थियो । उद्योगी, व्यवसायीले विद्यार्थीसँग अन्तरबार्ता लिएर १६ जनालाई रोजगारी दिइएको संयोजक श्रेष्ठले जानकारी दिनुभयो । गोष्ठीबाट उद्योगहरु र शैक्षिक संस्थाहरुबीच प्यानलसमेत बनेको छ । प्यानलको आईटी वित्तीयमा सुरेन्द्र लामा, आईटी उत्पादनमा नुररानी ढुङ्गेल र शैक्षिकविज्ञ प्रद्युम्न उपाध्याय रहनुभएको छ ।

कलेजले प्रत्येक वर्ष गोष्ठी आयोजना गर्दै आएको छ । यसको उद्देश्य विद्यार्थी र उद्यमीबीच भविष्यको लागि रोजगारीको अवसर सिर्जना, बजारमा चाहिने सिपअनुसार विद्यार्थीलाई उद्यमशीलता तालिम दिई विद्यार्थीको भविष्य सुनिश्चित गर्ने रहेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा विद्यालयको सहायक प्रधानाध्यापक रामपण्डित खनालको सभाध्यक्षता तथा उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माको आतिथ्य रहेको थियो ।

दुर्घटनामा एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-८, जलकिनेमा मोटरसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा साँगाचोकगढी नगरपालिका-७, बस्ने इन्दिरा अधिकारी रहेको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

वनदेउ चौतारा सडकखण्ड मोडमा वनदेउतर्फबाट चौतारातर्फ आउँदै गरेको प्रदेश ३-०२-००६ प ९५३९ नम्बरको मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको बा.प्र. ०१-००६ ख २७१६ नम्बरको टिपर मोडमा एक्कासी जम्काभेट भई अचानक ब्रेक लगाउँदा मोटरसाइकल अनियन्त्रित भई पल्टिएको थियो । मोटरसाइकल पल्टिँदा चालक चौतारा साँगाचोकगढी-७ बस्ने २६ वर्षीय सन्तोष दुलाल सामान्य घाइते भएका थिए भने मोटरसाइकलमा पछाडि सवार निजको श्रीमती अधिकारीको बाहिरी चोटपटक नदेखिएको तर भित्री चोट लागि गम्भीर अवस्था रहेको थियो । घाइतेलाई उपचारका लागि जिल्ला अस्पताल चौतारा पठाइएकोमा अधिकारीको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । टिपर चालक र मोटरसाइकल चालक प्रहरीको नियन्त्रणमा रहेका छन् ।

उपचारका क्रममा बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, कमलनगरमा अचानक बेहोस भएका बालकको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा महानगरपालिका-११ बस्ने दिलिप गुप्ताको ३ वर्षीय छोरा युवराज गुप्ता रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार बिहान ११ बजेर ५५ मिनेटको समयमा भृकुटी बोर्डिङ स्कूलमा प्लेग्रुपमा अध्ययनरत गुप्ता खेलिरहेको अवस्थामा अचानक बेहोस भएका थिए । गुप्तालाई उपचारका लागि नयाँ मेडिकल कलेज लगिएकोमा उपचारको क्रममा सोही दिन दिउँसो १२ बजेर २८ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

मकवानपुर बहुमुखी क्याम्पस

हेटौंडा-२, मकवानपुर

सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

यस क्याम्पसबाट मिति २०८१।०१।०९ गतेको ICT Lab सामग्री खरिद (ठेक्का नं २।२०८०।८१) सम्बन्धी दोस्रो सिलवन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम पेश भएका दरभाउपत्रदाताहरु मध्ये देहाय बमोजिमको प्रस्ताव स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को दफा ८४ को उपदफा १० बमोजिम को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.सं.	प्रस्तावदाताको नाम	कबोल रकम
१	श्री स्टार कम्प्यूटर सिस्टम, हेटौंडा-४, मकवानपुर	८,६६,९९८।१५ (मू.अ.करसहित)

बीमा पोलिसी हराएको सुचना

हेटौंडा–२, निवासी महेश कुमार बर्तौलाको नाममा रहेको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड शाखामा रहेको जीवन बिमा लेख (पोलिसी नं. १६०००७१८५) मिति २०८१ साल बैशाख २ गतेका दिन बजारबाट घर जाने क्रममा क्रममा हराएको हुँदा कहिँकतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन अनरोध गरिन्छ ।

सम्पर्कः ९८४५०३१४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

BUDDHA
Bar & Restaurant
CHEESE
Pizza
Rs.100
Per Slice
WELCOME ON
Aaswin 17
Wednesday
ONWARDS
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

राष्ट्रिय खेलकुद नीतिको मस्यौदामा सुझाव संकलन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरीले अन्तर्राष्ट्रियस्तरको खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीहरुका लागि राज्यले पेन्सनको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभएको छ । सोमबार संघीय सरकारको युवा तथा खेलकुद मन्त्रालयले आयोजना गरेको राष्ट्रिय खेलकुद नीति २०८१ को मस्यौदामा राय सुझाव संकलन कार्यक्रममा ठकुरीले अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पदक जितेर नेपाललाई चिनाउने खेलाडीहरुलाई प्रोत्साहन गर्न खेलाडी पेन्सन र खेलाडी सम्मानको व्यवस्था गर्नुपर्ने सुझाव दिनुभएको हो ।

राष्ट्रिय खेलकुद नीतिको मस्यौदामा राय सुझाव संकलन कार्यक्रमपछिको सामुहिक तस्वीर ।

राष्ट्रिय खेलकुद नीति, २०८१ को
मस्यौदा उपर सुझाव

अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने खेलाडीहरुको संख्या घट्दै गएकाले उनीहरुलाई प्रोत्साहन गर्ने नीति आवश्यक रहेको महासचिव ठकुरीले सुझाव दिनुभयो । राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भएका खेलाडीहरुको स्वास्थ्य उपचारको जिम्मा राज्यले लिनुपर्ने उहाँको सुझाव छ । राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी जनाउँदा घाइते भएका खेलाडीहरुको उपचार खर्च घरपरिवारले व्यवहोर्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने उहाँले बताउनुभयो।

प्रतियोगिता सञ्चालनको क्रममा खेलाडी हराउने भएकाले खेलकुद क्षेत्रले प्राप्त गरेको सफलताको आधारमा विकास गरेर परिसूचकको रुपमा राख्नुपर्ने उहाँले बताउनुभयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको खेलाडीहरु विदेश पलायन हुने क्रम बढ्दै गएको उहाँले बताउनुभयो। एकेडेमिक हिसाबले खेलाडी उत्पादन गर्नका लागि सरकारले ग्रासरुटबाट खेलाडी उत्पादन गर्न आवश्यक रहेको उहाँको सुझाव छ । अनावश्यक खेलकुदका क्लब सञ्चालन गरेर मानवको तस्कर हुने कामलाई न्यूनीकरण गर्नुपर्ने उहाँले बताउनुभयो। प्रविधिक प्रशिक्षकको व्यवस्था गर्दा करारमा गर्नुपर्ने उहाँले धारणा राख्नुभयो ।

मकवानपुर जिल्ला व्याडमिन्टन संघका वरिष्ठ उपाध्यक्ष विजय सिंह ठकुरीले राष्ट्रियस्तरमा मात्र नभइ प्रदेश र स्थानीय तहमा पनि खेलकुद समिति व्यवस्था गर्नुपर्ने बताउनुभएको छ । विभिन्न स्थानीय तहमा खेलकुद विकास समिति भए पनि जिल्ला र प्रदेशको मातहतमा छ कि छैन भन्ने स्पष्ट नभएको वरिष्ठ उपाध्यक्ष ठकुरीको भनाइ छ । सबै स्थानीय तह, प्रदेश र केन्द्रको काम स्पष्ट भए पनि जिल्लाहरुको काम स्पष्ट नभएको उहाँले बताउनुभयो । राष्ट्रिय खेलकुद परिषद् (राखेप) को मात्र स्वरुप परिवर्तन गर्ने वा स्थानीय तहको पनि परिवर्तन गर्ने भन्ने कुरामा उहाँले प्रश्न गर्नुभयो। स्थानीय तहको खेलकुद संस्थाहरु जिल्लाका संस्थासँग आवद्ध हुनुपर्ने उहाँले सुझाव दिनुभयो ।

मकवानपुर जिल्ला क्रिकेट संघका सचिव बिनोद बानियाँले खेलाडीहरुको भविष्यको कुरालाई सम्बन्धित निकायहरुले मूल्यांकन गर्दा खेल प्रशिक्षकलाई पनि प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभएको छ । प्रशिक्षकको कारणले गर्दा पनि खेलाडीहरुको भविष्य निर्धारण हुने र विभिन्न प्रतियोगिता जित्न सफल हुने भएकाले प्रशिक्षकको मूल्यांकन हुनुपर्ने उहाँले बताउनुभयो ।

रेफ्रीहरुले पाउने भत्ताबारे सम्बन्धित निकायहरुले उचित व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो । खेलाडी र प्रशिक्षकको बिमालाई पनि समेट्न आवश्यक रहेको उहाँको सुझाव छ । विभिन्न खेलको निर्णायकको क्षमता वृद्धि गर्ने कार्यमा सरकार लाग्नुपर्ने बताउनुभयो । राष्ट्रिय खेलाडी उत्पादन गर्न विद्यालयस्तरबाट नै लाग्नुपर्ने बानियाँले जोड दिनुभयो ।

मकवानपुर जिल्ला क्रिकेट संघका पूर्वसचिव दीपेन्द्र ढकालले खेलकुदलाई मार्गदर्शन गर्नका लागि नेपाली खेलकुदको कुरालाई किटान गर्न आवश्यक रहेको बताउनुभएको छ। विद्यालयको पाठ्यक्रममा खेलकुद र शारीरिक शिक्षा अनिवार्य गर्ने भने पनि शिक्षा मन्त्रालयसँगको समन्वयमा कसरी लागू गरिन्छ भन्ने कुरा उहाँले औंल्याउनुभयो । विश्वविद्यायलसँगको समन्वयमा अनुसन्धान आर्टिकलहरु समावेश गरेर खेलकुद पत्रिका प्रकाशनका लागि सहयोग गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

राष्ट्रपति रनिङ शिल्ड खेललाई खेलकुदको मुख्य आधार बनाउनुपर्ने उहाँले सुझाव दिनुभयो । खेल पर्यटनका लागि पर्यटन मन्त्रायलसँग समन्वय गर्न आवश्यक रहेको उहाँले बताउनुभयो। खेल चिकित्सकको पर्याप्त व्यवस्था गर्न आवश्यक रहेको उहाँले जोड दिनुभयो । खेलकुद सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना कसरी र कहिले निर्माण हुन्छ भन्ने जिज्ञासा ढकालको छ ।

मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका सदस्य विमल विकले खेलाडीहरुका लागि पुरस्कार र रोजगारको अवसर प्रदान गर्नुपर्ने बताउनुभएको छ । नीति निर्माण आवश्यक पहिचानका लागि करार खेलकुद प्रशिक्षक र विभिन्न प्रतियोगिता सञ्चालनका लागि खेलकुद समिति समावेश गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

बागमती प्रदेशको सामाजिक विकासमन्त्री तथा कार्यक्रमका प्रमुख अतिथि कुमारी मोक्तानले अहिलेका युवाहरु कहाँ छन् ? नीतिगत कार्यक्रमहरुमा सहभागी भएका छन् कि छैन्न भन्ने कुरा बुझ्न आवश्यक रहेको बताउनुभएको छ । नीतिगत हिसाबले संघीयताको भावनाअनुसार अधिकारहरुलाई किटान गरेर उठान गर्न आवश्यक रहेको मन्त्री मोक्तानले बताउनुभयो । नीतिगत कुराहरु नगरेर अन्य कुराहरुबारे छलफल हुने गरेको उहाँले बताउनुभयो । विभिन्न जिल्ला खेलकुद विकास समितिको कार्यालयहरुलाई अन्य क्षेत्रभन्दा फरक बनाउन सहकार्य, सहमति र सहअस्तित्वमा अगाडि बढ्न उहाँले सुझाव दिनुभयो । २०८१ सालमा खेलकुद क्षेत्रमा विकास गर्नुपर्ने के के छ भन्ने कुराको छलफल गरेर मूर्तरुप दिन आवश्यक रहेको उहाँले औंल्याउनुभयो ।

बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले खेलकुद क्षेत्रमा प्रदेश, स्थानीय तह र अन्य तहहरुको संगठनात्मक संरचनाहरु ठिक नभएको औंल्याउनुभयो। खेलकुदलाई संरचनात्मकरुपमा विकास गर्नका लागि खेलकुद सेवा समूह छुट्टाछुट्टै बनाउन आवश्यक रहको उहाँले बताउनुभयो । विज्ञता हासिल गरेका व्यक्ति भएमा खेलकुद क्षेत्रमा थप टेवा पुऱ्याउन सकिने उहाँको भनाइ छ । पदमा बसेर पदीय जिम्मेवारी मर्यादित ढंगबाट निर्वाह नगरेमा त्यस्तो व्यक्तिलाई कानुनीरुपमा कारवाही गर्नुपर्ने सदस्यसचिव भण्डारीले बताउनुभयो। राष्ट्रिय खेलकुद ऐनको दफा २४ को उपदफा २ बमोजिम प्रदेश खेलकुद ऐन निर्माण भएको उहाँले बताउनुभयो । खेलकुदको नीतिमा भएका कुराहरुलाई ५ प्रतिशतमात्र गर्न सकेमा खेलकुदको विकास हुने उहाँले दावी गर्नुभयो ।

नेपाल कराँते महासंघका अध्यक्ष युवराज लामाले सबै व्यवस्थानको हिसाबमा चल्नुपर्ने बताउनुभयो। प्रशिक्षण प्रतियोगितालाई अनिवार्यरुपमा पूर्वाधार, प्रतिभा र पहिचान गरेर खेलाडीलाई राष्ट्रियस्तरमा पुऱ्याउन विद्यालयस्तरबाट खेलाडी उत्पादन गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा संघ, प्रदेश र स्थानीय तहबीचको सहकार्य र समन्वय प्रभावकारी नभएमा खेलकुद क्षेत्रमा जोखिमको सामना गर्नुपर्ने बताइएको छ। लगानी पर्याप्त हुन नसकेमा, प्रदेश र स्थानीय तहमा खेलकुद क्षेत्रले प्राथमिकता पाउन नसकेमा, निजी क्षेत्रको लगानी आकर्षित गर्न नसकेमा र खेलकुद संघको क्षमता अभिवृद्धि गर्न नसकेमा खेल क्षेत्रमा जोखिम हुने जनाइएको छ ।

विषयगत समितिलाई प्रभावकारी र क्रियाशिल बनाउनुपर्ने, सरोकारवालाको नीति स्वीकारोक्तिको वातावरण बनाउनुपर्ने,सरकारी, विकास साझेदार, निजी तथा वित्तीय क्षेत्रको स्रोतसमेत परिचालन गर्नुपर्ने रखेलसम्वद्ध निकायको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने बताइएको छ ।

खेलकुदलाई संघ, प्रदेश र स्थानीय तहको साझा सूचीमा समेटेर स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रुपमा विकास गर्ने प्रस्तावित नीतिमा उल्लेख छ । सबै तह र उमेरका खेलाडीलाई खेलकुदमा सहभागी गराई प्रतिभावान् खेलाडीलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने साथै खेल पूर्वाधार विकास र खेलकुद गतिविधि सञ्चालनमा सबै तहसँग समन्वय गरी निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्ने जनाइएको छ ।

खेल क्षेत्रका विभिन्न व्यक्तिसँग राय सुझाव संकलन गरेर मन्त्रालयमार्फत् कार्यान्वयनमा लैजाने मन्त्रालयका उपसचिव शान्ति बस्नेतले बताउनुभयो । ऐन संशोधन तथ्यमा आधारित भएको हुनाले नियमसँग सम्बन्धित रहेको उहाँले बताउनुभयो । समाजिक विकास मन्त्रालयका उपसचिव एवम् प्रवक्ता खुबीराम अधिकारीको सभाध्यक्षतामा भएको कार्यक्रममा खेलकुद मन्त्रालयका उपसचिव बस्नेत, सरिता रायमाझी, हेटौंडा उपमहानगरपालिका शिक्षा महाशाखाका प्रमुख सीताराम कोइराला र शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरका प्रमुख दीनानाथ गौतमलगायत विभिन्न खेल क्षेत्रमा आवद्ध पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

राइटपाथको देश दौडाहा

हेटौँडामा ३ गते वृहत् शैक्षिक मेला

समाज संवाददाता

हेटौँडाः अमेरिका, युरोप, अष्ट्रेलियालगायतका देशमा उच्च शिक्षा अध्ययनका लागि जान चाहने विद्यार्थीका लागि परामर्श तथा प्रक्रियामा सहजीकरण गर्ने संस्था राइटपाथ करिअर काउन्सिलिङले शैक्षिक परामर्शका लागि देश दौडाहा सुरु गरेको छ । काठमाडौं र धनकुटामा वृहत् शैक्षिक मेला सम्पन्न भइसकेको छ भने हेटौँडामा बिहिबार वृहत् शैक्षिक मेला हुँदैछ। हेटौँडा-४, स्कूलरोडस्थित मारवाडी सेवा सदनको व्यापारिक कम्प्लेक्सस्थित राइटपाथ हेटौँडाको कार्यालय परिसरमा हुने मेलामा ४ सयदेखि ५ सयसम्म विद्यार्थी तथा अभिभावकलाई शैक्षिक परामर्श सेवा प्रदान गर्ने लक्ष्य रहेको जनाइएको छ ।

१२ कक्षाको वार्षिक परीक्षा दिएर बसेका उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थी र अभिभावकलाई लक्षित गरेर राइटपाथले देशव्यापी दौडाहाको स्वरुपमा महोत्सवको आयोजना गर्न लागेको राइटपाथ हेटौँडाका सञ्चालक मनिष अधिकारीले जानकारी दिनुभयो । हेटौँडापछि चितवन, बुटवल र दाङमा पनि वृहत् शैक्षिक मेला आयोजना हुनेछ। यस वर्षको वृहत् शैक्षिक मेलामा अमेरिका, बेलायत, अष्ट्रेलिया र क्यानडा लक्षित गरी परामर्श सेवा प्रदान गरिने अधिकारीले बताउनुभएको छ ।

"कक्षा १२ को वार्षिक परीक्षा दिएर उच्च शिक्षा अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीले नतीजा आउनुअघि आवश्यक तयारी गर्न सहयोग पुग्ने गरी सम्पर्कमा ल्याउन वृहत् शैक्षिक मेलाको आयोजना गरिएको हो", राइटपाथ हेटौँडाका सञ्चालक मनिष अधिकारीले भन्नुभयो, "अहिले एउटा देश नभए अर्को देश जाने प्रवृत्ति रहेकोले वृहत् मेला नै आयोजना गरेर विद्यार्थी र अभिभावकलाई उचित विकल्प दिने प्रयास गरिएको छ।" मेलामा अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानडाका २० भन्दा बढी विश्वविद्यालयका नेपालमा रहेको प्रतिनिधि मेलामा सहभागी भई विद्यार्थीलाई परामर्श दिनेछन् । मेलाको अवसरमा राइटपाथले विभिन्न अफरको पनि घोषणा गरेको छ । परामर्शमा सहभागी सबैलाई प्रक्रिया शूल्क निशूल्क गरिने अधिकारीले बताउनुभयो । यस्तै परामर्शमा सहभागी हुनेलाई ओम्याक्स हलको टिकट निशूल्क दिने, आईईएलटीएसको २ महिनो कोर्ष २०८१ रुपैयाँमै उपलब्ध गराउने, सहभागी मध्ये केहीलाई विशेष उपहार समेत प्रदान गरिने अधिकारीले बताउनुभएको छ ।

आज दौड प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा ५ किलोमिटर दुरीको दौड प्रतियोगिता हुने भएको छ । ३२ औं मदन आश्रित स्मृति दिवसको अवसरमा आज मंगलबार ५ किलोमिटर दौड प्रतियोति हुने भएको हो ।

मदन भण्डारी फाउण्डेशन जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा हुने प्रतियोगितामा करिब ४५ जना प्रतियोगीहरुको सहभागिता रहनेछ । बुद्धचोकबाट दौड सुरु गरेर पिप्ले हुँदै पुनः बुद्धचोकमा फर्केर ५ किलोमिटर दुरी पूरा गर्नुपर्नेछ । मदन आश्रितको स्मृतिमा पहिलो पटक दौड प्रतियोगिताको आयोजना गरेको फाउण्डेशनले जनाएको छ। स्मृति दिवसकै अवसरमा बुधबार हाजिरीजवाफ र बिहीबार श्रद्धाञ्जली कार्यक्रम गर्न लागेको हो । हाजिरीजवाफ प्रतियोगिता हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसमा हुनेछ ।

दौड प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिता आयोजनाका लागि ३० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ । प्रतियोगिता सहभागी जनाउनका लागि प्रतियोगीहरुले प्रतियोगिता सुरु हुनुभन्दा अघि नाम दर्ता गराउन सक्ने आयोजकले जनाएको छ ।

तामाङ भाषा, संस्कृतिसम्बन्धी अभिमुखीकरण

PALPASA PARADISE HOME
Hetauda-2
अभिमुखीकरण कार्यक्रम

समाज संवाददाता

हेटौंडाः हेटौंडामा तामाङ भाषा र संस्कृतिसम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ । तामाङ पत्रकार संघ मकवानपुरको आयोजनामा सोमबार हेटौंडा-२ स्थित पल्पसा सदनमा तामाङको संस्कारसम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम भएको हो ।

तामाङ पत्रकार संघ मकवानपुरका अध्यक्ष जयराम मोक्तानको सभाध्यक्षता तथा नेवा दय दबु बागमती प्रदेश अध्यक्ष बिष्णुगोपाल महर्जनको प्रमुख आतिथ्यता कार्यक्रम भएको हो । कार्यक्रममा अधिवक्ता अमृत लामा, भाषाविद् जीवन मोक्तान, राजनीतिज्ञ एवम् राक्सिराङ गाउँपालिकाका उपाध्यक्ष बनस्तम थिङ, तामाङ पत्रकार संघका संस्थापक अध्यक्ष आदर्श थोकरले कार्यक्रम सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अधिवक्ता लामाले बागमती प्रदेशमा नेवा-तामाङ भाषालाई कामकाजी भाषाको रुपमा लागू गर्न निकै कठिनाइ सामना गर्नुपरेको बताउनुभएको छ। उहाँले तामाङ समुदायको भाषा र संस्कृतिको बारेमा बुझाउनुभयो। यस्तै, प्रशिक्षक मोक्तानले इतिहासदेखि वर्तमान अवस्थासम्म भाषा संस्कार परम्परागतरुपमा चलिआएको बताउनुभयो । उहाँले वि.स. १९९० सालमा तामाङ पहिचान हुने कानुन बनेको बताउनुभयो ।

राक्सिराङका उपाध्यक्ष थिङले पत्रकारिता क्षेत्रको हिसाबमा तामाङ पत्रकारहरुले अझ फड्को मार्नुपर्ने धारणा राख्नुभयो । कार्यक्रममा नेपाल तामाङ घेदुङ मकवानपुरका सचिव किरणमान बल, मकवानपुर तामाङ कलाकार संघका सचिव बिक्रम लुङ्बा र सदस्य हेमकुमार तितुङ, नेपाल तामाङ घेदुङ मकवानपुरका सल्लाहकार सानु लामा दोङ, राजकुमार गोले र विभिन्न संघसंस्थाका पदाधिकारीहरुको आतिथ्य रहेको थियो ।

क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारमा सहुलियत प्रदान गर्ने सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न नागरिकले क्यान्सर रोगको उपचार गराउँदा बिरामीले बिल बमोजिम बढीमा पचास हजार रुपैंयासम्मको उपचार सहुलियत प्राप्त गर्ने हुँदा क्यान्सर रोग लागेका विपन्न नागरिकलाई औषधी उपचारका लागि सूचिकृत गरिएका अस्पतालहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ